# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः२०७४।७५ च.नं

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
नरैनापुर गाँउपालिका,
बाँके ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस नरैनापुर गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४ करोड ६७ लाख ८९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१७ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ९१ लाख ९२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड १० लाख ५६ हजार र पेश्की रु.४८ लाख १० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोरा लेखापरीक्षण प्रतिवेदन पाना ३६ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# नरैनापुर गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि नं | आय तर्फ | | | सिनं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | सिनं | विवरण | रकम | रकम |
| 1 | गत वर्षको जिम्मेवारी सारेको | | 12594765.76 | 1 | समानीकरण | 0.00 | 177033809.61 |
| | क नगद | | 0 | | क) चालु | 60358340.59 | 0.00 |
| | ख वैक | 12594765.76 | 0 | | ख) पुजिगत | 116675469.02 | 0.00 |
| 2 | राजस्व (आन्तरिक आय) | | 2546801.00 | 2 | ससर्त | 0.00 | 66372789.23 |
| | क आन्तरिक आय | 2546801.00 | 0 | | क) चालु | 65688809.83 | 0.00 |
| | ख राजस्व बाँडफाँट | 0 | 0 | | ख) पुजिगत | 683979.40 | 0.00 |
| 3 | वित्तीय हस्तानतरण | | 300131789.23 | 3 | वित्तिय भुक्तानी | | 0.00 |
| | क वित्तिय समानिकरण अनुदान | 233759000 | 0 | | क) ऋण भुक्तानी | | 0.00 |
| | ख ससर्त अनुदान | 66372789.23 | 0 | | ख) व्याज भुक्तानी | | 0.00 |
| 4 | सामाजिक सुरक्षा भत्ता | 39494000 | 39494000 | 4 | सामाजिक सुरक्षा भत्ता | 39494000.00 | 39494000.00 |
| 5 | सिमा क्षेत्र विकास कार्यक्रम चालु | 1486239.00 | 1486239.00 | 5 | सिमा क्षेत्र विकास कार्यक्रम चालु | 1486239.00 | 1486239.00 |
| 6 | सिमा क्षेत्र विकास कार्यक्रम पुजिगत | 11979123.50 | 11979123.50 | 6 | सिमा क्षेत्र विकास कार्यक्रम पुजिगत | 11979123.50 | 11979123.50 |
| 7 | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु | 459915.03 | 459915.03 | 7 | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु | 459915.03 | 459915.03 |
| 8 | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजिगत | 600000.00 | 600000.00 | 8 | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजिगत | 600000.00 | 600000.00 |
| 9 | गरिवसँग विश्वेश्वर कार्यक्रम | 815710.00 | 815710.00 | 9 | गरिवसँग विश्वेश्वर कार्यक्रम | 815710.00 | 815710.00 |
| 10 | धरौटी आय | 6546385.67 | 6546385.67 | 10 | धरौटी फीर्ता | 2751631.48 | 2751631.48 |
| 11 | अन्य विविध आय चालु | 159008.23 | 159008.23 | 11 | वैक मौज्दात | 72070758.18 | 75865512.37 |
| 12 | अन्य विविध आय पुजिगत | 44992.80 | 44992.80 | 12 | धरौटी मौज्दात | 3794754.19 | 0.00 |
| 13 | | 0 | 0 | 13 | | 0.00 | 0.00 |
| | जम्मा | | 376858730.22 | | जम्मा | | 376858730.22 |

नोट – ससर्त अनुदानमा रु 74614000.00 निमासा भएकोमा भुलवस रु 640000.00 j(L को ले नि का फीर्ता गएकोले सो रकम ससर्तमा खर्च घटाई समानीकरणमा खर्च देखाईएको ।

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | **वित्तीय कारोवार लेखापरीक्षणः** | |
| १. | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गगर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि साविक जिम्मेवारी यकिन नभएको, जिन्सी खाता, बैक नगदी किता, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता नराखेको, कार्यक्रम संचालनका सबै विल भरपाई हाजिरी लगायतका प्रमाण आंशिकमात्र राख्ने गरेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन ।<br>गाँउपालिकाहरुलाई सुत्र सफ्टबेय प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार सफ्टबेयर प्रयोग गरेतापनि सफ्टबेयरको पर्याप्त ज्ञान नहुँदा कतिपय भौचर दोहोरिएका , कतिपय पोष्टिङ नभएका, मिति अनुसार भौचर नम्बर क्रमबद्द नभएको कारण बैक नगदि कितबाको रकम समेत ठीक छ भनि बिश्बस्त हुन सक्ने आधार भएन । यसमा कार्यालय प्रमुखले ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| | **कानूनको परिपालना** | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधभारमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।<br>• मासिक र वार्षिक प्रतिवेदन तयार गरेको छैन,<br>• बैंक समायोजन विवरण तयार गरेको छैन,<br>• कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• आन्तरीक नियन्त्रण प्रणाली तयार नगरेको<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ ।<br>• सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,<br>• बैकमार्फत सामाजिक सुरक्षा भत्ता बितरण गरको छैन ,<br>• आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• करको दायरा पहिचान भएको छैन,<br>• ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ,<br>• योजना हस्तान्तरण तथा खचंको सावंजनिक परीक्षण भएको छैन,<br>• योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कता गरेको कन्टिन्जेन्सीको खचंको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,<br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,<br>• जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>• कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिएको देखियो<br>• राजस्बको श्रोतको पहिचान गरेको छैन ,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन ।<br>• राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत नराखेको | |
| ३. | **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्न योगदानमा आधारित उपादान, औषधिउपचार, कर्मचारी कल्याण कोष लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ। गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ। | |
| ४. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ। गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति नदिएको गाँउपालिकाले पेश गरेको विवरणबाट देखिन्छ। गाँउपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ। | |
| ५. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन। | |
| ६. | **स्थानीय तथ्याङ्क र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाँउपालीकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ। | |
| | **लेखापरीक्षणबाट देखिएका व्यहोरा :-** | |
| ७. | **जनशक्ती व्यबस्थापन** : स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ। गाँउपालिकाबाट प्राप्त बिबरण अनुसार निम्न पदको २४ दरबन्दी स्वीकृत भएकोमा २२ दरबन्दी रिक्त तथा २ दरबन्दी करारमा रहेको देखियो। | |

| पद | दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|
| शाखा अधिकृत | १ | ० | १ | |
| ईन्जिनियर | १ | १ | ० | करार |
| ना.सु | ७ | ० | ७ | |
| सब ईन्जिनियर | ४ | १ | ३ | करार |
| आ.ले.प शाखा लेखापाल | १ | ० | १ | |
| सर्भेक्षक | १ | ० | १ | |
| लेखा अधिकृत | १ | ० | १ | |
| म.बि.नि | १ | ० | १ | |
| जनस्वास्थ्य अधिकृत | १ | ० | १ | |
| कृषि अधिकृत | १ | ० | १ | |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>प्राबिधिक सहायक शिक्षा</td><td>१</td><td>०</td><td>१</td><td></td></tr>
<tr><td>रेञ्जर</td><td>१</td><td>०</td><td>१</td><td></td></tr>
<tr><td>खरिदार (बडातर्फ)</td><td>१</td><td>०</td><td>१</td><td></td></tr>
<tr><td>बडा सहायक</td><td>२</td><td>०</td><td>२</td><td></td></tr>
<tr><td></td><td>२४</td><td>२</td><td>२२</td><td></td></tr>
</table>
कार्यालयमा कायम दरबन्दीमध्ये कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>८.</td><td>कन्टिन्जेन्सी खर्च : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्नें व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको भएतापनि गाँउपालिकाले ३ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ।<br><br>
गाँउपालिकाबाट कन्टेन्जेन्सी खर्चको बिबरण माग गरेकोमा अभिलेख नराखेको र बिबरण समेत उपलब्ध नगराएकोले ३ प्रतिशतको हदभित्र खर्च गरेको छ भन्न सकिने आधार भएन । नियमानुसार योजनागत रुपमा कन्टेन्जेन्सी खर्चको अभिलेख राखि नियमको पालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>स्थलगत निरीक्षण:- गाँउपालिकाले यसवर्ष सबै निर्माण कार्य उपभोक्ता एवं निर्माण व्यवसायीबाट गराएको छ। यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाँउपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसार गाँउपालिकाले योजनाहरु वडा अध्यक्षबाट र सो भन्दा माथिको योजनाहरु गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी सम्पन्न निर्माण कार्यको भुक्तानीका लागि सिफारिस गर्ने गरेको छ । अनुगमन पश्चात दिएको प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । अत: कामको गुणस्तर कायम भए नभएको अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>चौमासिक खर्च सन्तुलन : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयले उपलब्ध गराएको</td><td></td></tr>
</table>

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | बिबरण अनुसार यो बर्ष पुजिगततर्फ १३ करोड ९८हजार खर्च गरेकोमा प्रथम चौमासिकमा २ लाख ५४ हजार (०.१९%), दोश्रो चौमासिकमा २५लाख ४१ हजार (१.९५%) र तेस्रो चौमासिकमा १२ करोड ७२ लाख ७१ हजार (९७.८२ ५) र आषाढ महिनामा मात्र रु.६ करोड ८३ लाख १९ हजार(५२.५१ ५) खर्च गरेको पाइयो । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमाा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ । | |
| ११. | **भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यस्थीत राखेको छैन । यसबर्ष अुनगमन तथा मुल्याङ्कन शिर्षकमा तथा भ्रमण खर्चमा रु. ६१७४५०।-खर्च लेखेको छ । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भनि मुल्याङ्कन गर्न सक्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| १२. | **ईन्धनको लगवुकः** कार्यालयले ईन्धन खर्च लेख्दा नियमानुसार सबारी लगबुक तयार गरी राख्नु पर्दछ । गाँएपालिकाले यसबर्ष ईन्धनबापत रु. ६१५६१२।-खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरी केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरी एकमुष्ट रुपमा ईन्धन खर्च लेख्ने गरेको पाईयो । कार्यालयमा गाडी नभएको अबस्थामा समेत ईन्धन खर्च लेखेकोमा मोटरसाईकल प्रयोगको मापदण्ड तयार नगरि खर्च लेखेको पाईयो । मोटरसाईकललाई लाई ईन्धन उपलब्ध गराउंदा कोटा प्रणाली अनुसार उपलब्ध गराउनुपर्दछ । | |
| १३. | **ठेक्का व्यवस्थापनः** वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ ।<br>कार्यालयबाट ठेक्का बन्दोबस्ती सम्बन्धी बिबरण माग गरेकोमा पेश हुन आएन । नियमानुसार ठेक्का व्यबस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १४. | **जिन्सी व्यबस्थापनः-** कार्यालयमा प्राप्त भएको र खरीद गरिएको जिन्सी सामानहरुलाई खप्ने जिन्सी खातामा आम्दानी बाँधी जिन्सी अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था छ । गाँउपालिकाले नियमाबलीमा व्यबस्था भएबमोजिम कार्यालय प्रमुखबाट प्रमाणीत गराई राखेको पाईएन। नियमालबलीको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| १५. | **नापी किताब प्रबिष्टी एवं अभिलेख** : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । गाँउपालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।<br>गाँउपालिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ<br><br>बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| १६. | **आयोजना हस्तान्तरण :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको आयोजनाहरु नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । समपन्न आयोजनहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ । | |
| १७. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| १८. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :-** स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ । | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| १९. | **लक्ष प्रगति** : बजेट तथा कार्यक्रम गर्ने प्रत्येक कार्यालयले अनुसुची २ को ढाँचामा चौमासिक प्रगति बिबरण तयार गर्नुपर्ने र नियम २६ बमोजीम तालुक निकायले त्यस्तो भौतिक तथा बित्तिय प्रगतिको समिक्षा गरि प्रगति कम हुनुका कारण पहिचान गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपरोक्त व्यबस्था अनुसार आफुले गरेको बार्षिक कार्यक्रमको प्रगति बिबरण तयार गरेको देखिएन । प्रगति बिबरण तयार नभएबाट समग्र कामको मुल्याँकन हुन सक्ने देखिएन । नियमाबलीको व्यबस्था अनुसार प्रगति बिबरण तयार गरि सम्पन्न कामको मुल्याँकन गर्ने व्यबस्था गर्नुपर्ने देखिन्छ । | |
| २०. | **वोलपत्र :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा २० लाख भन्दा बढीको सामान वा ठेक्का गर्नुपर्दा वोलपत्रबाट गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले ६ बैट वडाको बाटोमा सोलार प्यानल ४५ सेट जडान गर्न रु. ४२८५७१० को लागत अनुमान स्वीकृत गरी ३०% गाउँपालिका र ७०% वैकलपिक उर्जा केन्द्रबाट भुक्तानी गर्ने सम्झौता अनुसार २०७५।२।१४ मा १५ दिने शिलवन्दी दरभाउपत्रको सूचना गरी एक मात्र दरभाउपत्र पेश गर्ने सूर्य दिप उर्जा प्रा.लि.को रु. ४२८५६२० वोल अंक स्वीकृत गरी जडान कार्य सम्पन्न गरी सम्झौता रकमको ३०% १२८५६७२ गाउँपालिकाबाट भुक्तानी गरी ७०% ले हुने रु. २९९९९०२ भुक्तानीको लागि वैंकलपिक उर्जा केन्द्रलाई भुक्तानी दिन सिफारिस गरेको देखियो । स्वीकृत कार्यक्रम अनुसार समयमै ठेक्का पट्टा गर्नुपर्नेमा समयाभाव भनि कार्यपालिकाको मिति २०७५।२।७ को निर्णयले ३० दिने सूचना को सट्टा १५ दिने सूचना गरी शिलवन्दी दरभाउ पत्रबाट खरिद निर्माण गरी कार्य सम्पन्न गरेको देखियो । नियमको पालना गर्न तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । जडित सोलार संरचनाको एक वर्ष सम्म निर्माण व्यवसायीबाट र सो पश्चात सम्बन्धीत वडा कार्यलयले मर्मत संभार गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २१. | **फरक शिर्षकबाट खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) (क) मा रकम स्वीकृत बजेट भित्र छ र सम्बन्धीत खर्च शिर्षकमा पर्ने भएमात्र खर्च लेख्न सक्ने व्यवस्था छ । गाउपालिकाले समानिकरण पुजिगतको भौ.नं. १९४।२०७५।३।२७ बाट दरवन्दी वाध निर्माणमा राखेको बजेटबाट वाँध निर्माण नगरी पोखरी निर्माणमा रु. २५८७५० खर्च गरवेको र समानिकरण चालुको भौ.नं. ३७२।२०७५।३।३० मा परामर्श सेवाको बजेटबाट कनूनी साक्षता तालम कार्यक्रममा रु. १८५००० खर्च गरेको देखियो । कार्यक्रम संशोधन वेगर खर्च लेखेको रकम अनियमित देखिएको रु. | ४,७०,७५०/- |
| २२. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयको काम मितव्ययी बनाउन आन्तरिक नियन्त्रण व्यवस्था बनाई लागु गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सो अनुसार व्यक्तिगत प्रयोजन नहुने सामान मात्र खरिद गर्नुपर्नेमा निम्नानुसार ३४ थान | |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td></td><td>मोवाइल खरिद गरी सबै कर्मचारीलाई  तथा पदाधिकारीलाई वितरण गरेको देखियो । व्यक्तिगत काममा समेत प्रयोग हुने सामान आवश्यकता र औचित्यको आधारमा कसलाई दिनु आवश्यक छ एकिन नगरी सबैलाई वितरण गरेको अनियमित रु.
<table>
<tr><th>खरिद मिति</th><th>मोवाइल</th><th>संख्या</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२०७४/६/२०</td><td>Oppo</td><td>२</td><td>७२३७८</td><td>अध्यक्ष, कर्मचारी</td></tr>
<tr><td>२०७४/८/७</td><td>DTLG Max</td><td>२५</td><td>६५९९२</td><td>गाँउ सभा सदस्यहरु</td></tr>
<tr><td>२०७४/८/१५</td><td>Samsung</td><td>७</td><td>६५७३०</td><td>वडा अध्यक्षहरु</td></tr>
</table></td><td>२,०४,०००/-</td></tr>
<tr><td>२३.</td><td>अधुरो निर्माण कार्य : ठेक्का सम्झौता अनुसार कार्य तालिका बनाई निर्माण कार्य गर्नुपर्दछ । गाउँपालिका र निर्माण व्यवसायी नेपाल विल्डर्स विच सूया नाला वाँध निर्माण गर्न VAT समेत २४१५०७५।५५ मा ठे.नं. १०।२०७४।७५ बाट सम्झौता भई मिति २०७५।३।३० सम्म सम्पन्न गर्ने गरी कार्यदेश दिएकोमा समयमा काम सुरु नगरेको भनी च.नं. ७६९ मिति २०७५।२।१३ बाट समयमै काम सम्पन्न गर्न पत्राचार गरेको देखियो पत्रको जवाफमा निर्माण व्यवसायीले मिति २०७५।२।२७ मा स्थनीयले काम गर्न नदिएको र सो स्थानमा रुखहरु परेकोले कटान इजाजत दिनु पर्ने भनी निवेदन समेत दिएको देखियो । लागत अनुमान भन्दा ५०.१९ % घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ठेकेदार जनता वैंकको १३ जुन २०१९(२०७६।२।३०) सम्मको कार्य सम्पादन जमानत राखेको छ ।<br><br>यसै विच मिति २०७५।३।५ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गाउँपालिकालाई सुइयो नाला कुलोको सफाई कार्य र सो स्थानमा तटवन्ध कार्य हुन लागेको र सो स्थानमा स्थानीयको नम्वरी जग्गा परेको र त्यहाँ वनको स्वीकृत वेगर रुख कटान गर्न लागेको उजुरी परेको सम्बन्धमा के भएको हो खुलाई पढाउन पत्राचार गरेको समेत देखियो । यस्तो अवस्थामा कार्य सम्पादन जमात नियन्त्रणमा लिई थप व्ययभार नपर्ने गरी पछि काम गराउने गरी म्याद थप गर्ने अन्यथा कारण स्पष्ट गरी सुविधाको आधारमा ठेक्का अन्त गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>भेरिएशन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान गर्ने नसकिएको परीस्थिती कार्यान्वयनको क्रममा देखिएमा प्राविधिक पुष्ट्लाई सहित भेयिरएसन जारी गरी काम गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न काममा BOQ परिमाण भन्दा बढी परीमाण काम गरेकोमा भरिएसन जारी गरेको देखिएन । भेरिएसन स्वीकृत नगरी थप काम गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>शिर्षक</th><th>भौ.नं. मिति</th><th>ठेकेदार</th><th>BOQ को परिमाण</th><th>गरेको परिमाण</th><th>फरक परिमाण</th><th></th><th>रकम</th></tr>
<tr><td>समानिकरण पुँजिगत</td><td>२७४/०७५/३/२६</td><td>अथवास कन्ट्रक्सन</td><td>माटो फिलिङ्ग 1799 cm</td><td>2362cm</td><td>५६३</td><td></td><td>१०१३३१</td></tr>
<tr><td>पुँजिगत सीमा</td><td>१२/०७५/३/२०</td><td>सैयद फत्ते निर्माण</td><td>ल्फाट व्रिक सोलिङ्ग 448 sgm</td><td>655sgm</td><td>२०७</td><td></td><td>१४५०४०</td></tr>
</table></td><td>३,८६,८६१/-</td></tr>
</table>

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सेवा | | | | | | |
| पुँजिगत सीमा | १३/०७५/३/२६ | विशाल निर्माण सेवा | सव वेभ गर्ने काम249cm | 316.50 | ६६.९० | | १४०४९० | |
| | | | | | जम्मा | | ३८६८६१ | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| २५. | **नापी किताव :** गाउँपालिकाले बाटो निर्माण ठेक्का अनुसार नापी किताव एउटै बनाउनु पर्नेमा रनिङ्ग विल अनुसार बनाउने गरेको छ । रनिङ्ग विलमा कुन चेनेज देखि कुन चेनेजमा काम भएको उल्लेख नगरी खालि लम्वाई, चौडाई र उचाई उल्लेख गरी आउने परिमाणमा अघिल्लो विलको परीमाण घटाई भुक्तानी गर्ने गरेको देखियो । यसबाट कुन स्थानमा काम भयो कुन स्थानमा बाकी छ भिडान गर्न सकिने अवस्था देखिएन । आयोजना सम्पन्न भएपछि परिमाण र फिल्ड भिडान गर्न सकिएतापनि रनिङ्ग विलको नापी कितावको परिमाण चेनेज उल्लेख नहुँदा कितावमा भिडान गर्न सकिने अवस्था देखिदैन । चेनेज अनुसार नापी किताव भर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २६. | **बढी भुक्तानी :** भुक्तानीका लागी पेश भएका विल भरपाई हरु रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. २८६।२०७५।३।२७ बाट रोशनपूर्वा स्कुल कम्पाउण्ड निर्माण उपभोक्ता समितिलाई रु.२४२८९५। को काम सम्पन्न गरेकोमा उपभोक्ता योगदान २४२८९ कट्टा गरी रु. २१८६०५। भुक्तानी दिनु पर्नेमा २२५१२७। भुक्तानी गरी बढी भुक्तानी गरेको असुल गर्नुपर्ने | ६,५२२/- |
| २७. | **ठेक्का प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा र (२) मा प्रतिस्पर्धा सिमित हुने गरी काम गर्न नहुने उल्लेख छ । गाउँपालिकाले पत्रिकामा सूचना गरी यो वर्ष शिलबन्दी दरभाउपत्र एवं वोलपत्र गरेका विभिन्न ४५ ठेक्का मध्ये निम्नानुसार १६ ठेक्कामा लागत अनुमान र वोलपत्र दाताको कवोल अङ्क एक प्रतिशत भन्दा कम फरक रहेको देखियो । यसबाट खरिद कार्य मितव्ययी नदेखिनुका साथै पर्याप्त प्रतिस्पर्धा भएको छ भन्न सक्ने आधार पर्याप्त प्रतिस्पर्धा भएमा खरिद एवं निर्माण कार्य मितव्ययी हुन सक्ने हुँदा सबै निर्माण कार्यमा E-bidding समेत गरी थप प्रतिस्पर्धाको वातावरण भिडान गर्नुपर्ने देखिन्छ । लागत अनुमान वरावरकै वोल अङ्कमा ठेक्का स्वीकृत भई कार्य गराएको स्थिति यस प्रकार छ : | |

| सि.नं | कार्यक्रमको नाम | ठेक्का नम्बर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | बोलपत्र फिर्ता सङ्ख्या | लागत अनुमान मु अ कर सहित । कन्टीजेन्सी वाहेक | स्वीकृत रकम मु अ कर सहित | k\|ltzt | #l^ k\|ltzt |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गा पा स्टोर भवन | 1.2074.075 | | 2 | 0 | 2058033.77 | 2038424.2 | 99.05 | ०.९५ |
| २ | कटकुईया स्वा चौ भवन | 2.2074.075 | 10 | 3 | 0 | 1163384.14 | 1160944.4 | 99.79 | ०.२१ |
| ३ | नरैनापुर स्वा चौ भवन | 3.2074.075 | 13 | 3 | 0 | 1163384.14 | 1135930.8 | 97.64 | २.३६ |
| ४ | हुलाकी रोड देखि रोशनपुर्वा जाने वाटो पी सी सी | 6s.2074.075 | 14 | 1 | 0 | 4753622.02 | 4746477.1 | 99.85 | ०.१५ |
| ५ | सिमा क्षेत्र क | 12s.2074.075 | 7 | 2 | 0 | 5895518.07 | 5890362.3 | 99.91 | ०.०९ |
| ६ | सिमा क्षेत्र ख | 12v.2074.075 | 8 | 2 | 0 | 5982478.49 | 5910578 | 98.80 | १.२० |
| ७ | नयाँ वस्तीमा माटो पटान | 15.074. | 16 | 1 | 0 | 2894877.64 | 2883092.2 | 99.5 | ०.४१ |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | 075 | | | | | | 9 | |
| ८ | केवरीनाला | 16.2074.075 | 14 | 2 | 0 | 2229183.28 | 2218721.9 | 99.53 | ०.४७ |
| ९ | लक्ष्मनपुरको खलिफा नुर अहमद शाहको दर्गा निर्माण | 19.2074.075 | 1 | 1 | | 2926813 | 2908228.2 | 99.37 | ०.६३ |
| १० | कालाफाँटा लक्ष्मनपुरको विचमा वृहत गौशाला निर्माण | 20.2074.075 | 6 | 3 | 0 | 1745664.43 | 1743819 | 99.89 | ०.११ |
| ११ | वनियागाँउको गल्ली कुचोमा पी सी सी वाटो | 21.2074.075 | 12 | 3 | 0 | 1931897.71 | 1916046.1 | 99.18 | ०.८२ |
| १२ | हुलाकी देखि जयराम पुंवा पी सी सी नाला | 22.2074.075 | 14 | 3 | 0 | 1448853.6 | 1441962.5 | 99.52 | ०.४८ |
| १३ | हुलाकी रोड देखि हुलासपुर्वा जाने वाटोमा माटो पटान | 23.2074.075 | 12 | 3 | | 1912316.57 | 1908406.7 | 99.80 | ०.२० |
| १४ | वारीस नाउको घर देखि नयाँ वडा कार्यालय जाने वाटो ग्रावेल | 24.2074.075 | 12 | 3 | 0 | 1981073.85 | 1977909.6 | 99.84 | ०.१६ |
| १५ | हुलाकी रोड देखि खोदवा जाने वाटो | 25.2074.075 | 9 | 3 | 0 | 1448350.5 | 1439840.4 | 99.41 | ०.५९ |
| १६ | वेउचहवा गल्ली कुचोमा पी सी सी वाटो | 26.2074 | 10 | 3 | 0 | 1939184.93 | 1923322.7 | 99.18 | ०.८२ |
| १७ | यादवको घर देखि महतनिया गाँउमा माटो पटान ग्रावेल ० देखि ५०० | 27.2074.075 | 4 | 4 | 0 | 1822926.74 | 1190792.9 | 65.32 | ३४.६८ |

२८. **अधुरा निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार निर्माण व्यवसायीले कार्य तालिका बनाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसार ८ निर्माण व्यवासयीले कैफियतमा उल्लेखित व्यहोरा जनाई म्याद थपको लागि निवेदन दिएतापनि एकको मात्र म्याद थप भएको र बाँकीको म्याद थप भएको देखिएन । कारण मनासिव भए नियम १२० अनुसार म्याद थप गरी काम गराउने अन्यथा नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य सम्पन्न गराउनु पर्ने देखिन्छ ।

| क्र.स. | कामको नाम | निर्माण व्यवसायिकको विवरण | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | सम्झौता रकम | खर्च भएको रकम | म्याद थपको विवरण | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुड्या नाला खन्ने कार्य | नेपाल बिल्डर्स,नेपालगंज, बाँके | २०७५\०२\१ | २०७५\०३\३१ | २१३७२३५।०० | 0.00 | नभएको | 0.00 | जन्ताको नम्बारि जग्गामा भएकोले अख्तियारमा उजुरि परेकोले काम हुन नसकेको |
| २ | माहतिनियाँ पुल देखि सिमा सम्मा जाने बाटोमा पि सि सि गर्ने कार्य (क) | दिपेश निर्माण सेवा बार्दिया | २०७५\०२\१५ | २०७५\०३\३१ | १०३७०९०।०० | 0.000 | नभएको | 0.00 | जन्ताले घर भत्काउन नदिएको हाल सहमति भई काम सुरु भएको र म्यादथपको कार्वाहि भई रहेको |
| ३ | माहतिनियाँ पुल देखि सिमा सम्मा जाने बाटोमा पि सि सि गर्ने कार्य (ख) | दिपेश निर्माण सेवा बार्दिया | २०७५\०२\१५ | २०७५\०३\३१ | १००५७७२।८९ | 0.000 | नभएको | 0.00 | जन्ताले घर भत्काउन नदिएको हाल सहमति भई काम सुरु भएको र म्यादथपको कार्वाहि भई रहेको |
| ४ | नुर खालिफा मजार निर्माण | राजन निर्माण सेवा नेपाल गणज बाँके | २०७५\२\१० | २०७५\०३\३१ | २९०८२२८।१६ | १५६२९४३।५७ | नभएको | ५०\प्रतिशत | म्याद थपको कार्वाहि भई काम सुरु भएको |
| ५ | गेगलि देखि जनता रतैया हुँदै पन्डितपुर्वा जाने बाटोमा माटो पटान तथा गार्भेल गर्ने कार्य | बि .जि. कन्स्ट्रक्सन लाटि कोईलि सुर्खेत | २०७५\०१\१५ | २०७५\०३\३१ | १७३४०४१।६८ | ४६०५६९।१२ | नभएको | ३०\प्रतिशत | म्याद थपको कार्वाहि भई काम सुरु भएको |
| ६ | गोसाला निर्माण गर्ने कार्य | पन्चदेबि निर्माण सेवा नेपालगंज १७ बाँके, | २०७५\०१\०२ | २०७५\०३\३१ | १७४३८१९।०४ | ६३९१८७।३३ | नभएको | ५०\प्रतिशत | म्याद थपको कार्वाहि भई काम सुरु भएको |
| ७ | हुलाकि रोड देखि जामुनहाँ हुँदे हुलाकि रोड सम्मा जाने बाटोमा पि सि सि नालि निर्माण गर्ने काम | बिशाल निर्माण सेवा,कोटडाँडा मुगु | २०७४\१२\१५ | २०७५\०३\३१ | ३३९४७५७।९८ | १६६२१७७।७७ | २०७५\०९\३१ | ६०\प्रतिशत | म्याद थपको कार्वाहि भई काम सुरु भएको |
| ८ | माटेहियाको गल्लि कुचोमा पि सि सि गर्ने काम | गगन निर्माण सेवा नेपाल गंज बाँके | २०७५\१२\११ | २०७५\०३\३१ | १९७४२४३।२८ | २०७३८६०।७५ | नभएको | ९०\प्रतिशत | म्याद थपको कार्वाहि भई काम सुरु भएको |

२९. **रितपूर्वको कर विजक :** निर्माण व्यवसायीले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | ५ बमोजिम रित पूर्वको कर विजक जारी गर्न पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसार मिति उल्लेख नभएको कम्प्यूटरबाट प्रिन्ट गरेको तथा आषाढ मसान्तमा नम्वर १ विजक जारी गरेको विलबाट मू.अ.कर समेत भुक्तानी दिएको । यसरी भुक्तानी भएको मू.अ.कर दाखिला भएको छ । भनी विश्वस्थ हुन सक्ने आधार भएन अतः मू.अ.कर समायोजन पेश गर्नुपर्ने देखिएको रु. .. | ४,७९,३७०/५७ |

| भौ.नं. | व्यवसायी | भुक्तानी रकम | मू.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|
| ११०/०७५/१/३१ | करुण कन्ट्रक्सन | १११७८५८.१७ | १४५३२१.५८ | विजकमा मिति नभएको |
| २१३/०७५/३/२८ | शिरीशा निर्माण सेवा | ३३३८८३८.३५ | ३३४०४८.९९ | आषाढ १ नम्वर विल र प्रिन्ट विल जारी |
| | | जम्मा | ४७९३७०.५७ | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| | **चालुतर्फ** | |
| ३०. | आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर, ८८ मा भाडा ढुवानी कर ८ दफा ८९ मा अग्रिम आयकर वृद्धि गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले देहाय बमोजिमका कारोवार/कार्यक्रम संचालनमा कर वृद्धि नगरेकोले अशुल गरी राजस्व दाखिला हुनुपर्ने रु. ... | १,११,७११/- |

| सि.नं. | भौ.नं. मिति | भुक्तानी लिने | वापत | भुक्तानी | कर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २१/०७४/७/१२ | चतुर्देव इन्टरप्रइजेज बाँके | खाद्यान्न सामाग्री खरिद | १०२५९०० | १५३८८ | अग्रिम कर |
| २. | ८३/२०७४/९/३० | प.से.प्रा. वृद्धि बहादुर थापाको (शाइनिङ्ग स्टार भेट सेन्टर) | घास खरिद रु. २८२०००। औषधि खरिद रु. १३२०४८ | ४१४००० | ६२१० | अग्रिम कर |
| ३. | १२०/०७४/११/३० | युनाइटेड ड्रग सेन्टर प्रा.लि. | कट्वुइया स्वा.चौकी औषधी खरिद पे.फ. | १००००० | १५०० | अग्रिम कर |
| ४. | २७४/०७५/३/६ | ना.प्रा.स. मन बहादुर थापा (पे.फ.) | सिंचाई सामाग्री खरिद | ५५१८७१ | ८२७८ | अग्रिम कर |
| ५. | ३७३/२०७५/३/३१ | प.से.प्रा. वृद्धि बहादुर थापा (शाइनिङ्ग स्टार भेट सेन्टर) | औषधी खरिद (पशु स्वास्थ्य शिविर) | ६२१००० | ९३१५ | अग्रिम कर |
| ६. | ३२२/०७५/३/२२ | नुर परोपकार सामुदायिक संस्था | सरसफाई कार्यक्रम सहजकर्ता भत्ता (रु. २२५०। कट्टी गरवेको) | ४८००० | ४९५० | पा. कर |
| ७. | ३२५/०७५/३/१२ | तराई दलित विकास मञ्च | सामाग्री खरिद | ३०४८०७ | ४५७२ | अग्रिम कर |
| ८. | ३२६/०७५/३/२२ | बहुउद्देश्यीय विकास मञ्च | विभिन्न सामाग्री खरिद | ४७७८७५ | ७१६८ | अग्रिम कर |
| ९. | ३३५/०७५/३/२४ | रुसुफ मल्टिप्रपोज प्रा.लि. बाँके | कार्यक्रम संचालन सामाग्री खरिद | २०००००० | ३२३८० | बाँकी अग्रिम |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>कर</td></tr>
<tr><td>१०.</td><td>२८१/०७५/३/८</td><td>युवा तथा खेलकुद व्यवस्थापन समिति कटकुईया</td><td>सामाग्री ढुवानी</td><td>३२०००</td><td>३२००</td><td>ढुवानी कर</td></tr>
<tr><td>११.</td><td>३८६/०७५/३/२</td><td>स्वास्थ्य सँस्थामा औषधि उपलब्ध गराउँदा</td><td>अग्रीम कर</td><td>५०००००</td><td>७५००</td><td>अग्रीम कर</td></tr>
<tr><td>१२.</td><td>१२४-०७४/१२/३</td><td>वडा सचिव खड्ग ब बस्नेत</td><td>बैठक भत्ता</td><td>७५०००</td><td>११२५०</td><td>पारिश्रमिक कर</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>१११७११</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१.</td><td>आर्थिक सहायता:- स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा २४ मा गाँउपालिकाले चालु शिर्षकबाट योजना बनाएर मात्र खर्च गर्नुपर्ने र यसरी योजना बनाँउदा गरिबी निबारण, उत्पादनमुलक रोजगारी सृजना,पुर्बाधार सुधार जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले बिभिन्न बिरामीलाई सहायता, धार्मिक दिबश,भक्तजन खर्च ,महोत्सब संचालन सहयोग जस्ता बितरणमुखि कार्यक्रममा सिधै रु आर्थिक सहायता दिने गरेको देखियो । यसबर्ष गाँउपालिकाले आर्थिक सहायता बापत रु १६६४६१०।- खर्च लेखेको छ । यसबाट बजेट न्युन हुनुका साथै जे पर्दा पनि गाँउपालिकाले सहायता दिन्छ भनि माग गर्ने प्रचलन बढ्न जाने हुदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>कार्य सम्पन्न प्रतिबेदन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्मित कामको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै सोही नियमावलीमा सार्वजनिक निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने समेत व्यवस्था रहेको छ । गाउँपालिकाले भौ.नं. २७४।०७५।३।६ बन ना.प्रा.स. मान ब. थापाको सिंचाई सोलार पम्प जडान कार्यक्रम अन्तर्गत धाम पावर नेपाल प्रा.लि. काठमाडौंबाट सोलार पम्प जडान कार्यक्रम प्यानल ७ थान,पम्प कन्ट्रोलर १ थान, वाटर पम्प २ थान व्याट्री २ तथा उक्त सोलार प्यानल जडान तथा ढुवानी समेत रु. ६०००००। को पेश्की फछ्र्यौट गरेकीमा उक्त सोलार प्यानल जडान कार्यको लागत अनुमान तथा कहाँ जडान गरिएकोहो सो समेत खुल्न आएन । साथै उक्त निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन समेत पेश हुन नआएकोले अनियमित देखिएको रु.</td><td>६,००,०००।-</td></tr>
<tr><td>३३.</td><td>विद्यालय क्षेत्र सुधार योजना निर्देशिकामा, २०७४ मा विद्यालयमा रहेको विद्यार्थीको सँख्याको आधारमा. बिघार्थी भिडान संस्था कम हुन गएमा पिसिएफ दरवन्दीमा र निजी श्रोतमा पारिश्रमिक भुक्तानी हुने गरी विद्यालय व्यबस्थापन समितिले आन्तरिक श्रोतमा शिक्षक राख्न पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले देहायको विद्यालयमा गाँउपालिकाबाट मासिक पारिश्रमिक भुक्तानी हुने गरी निम्न शिक्षकहरुलाई गाउँपालिका आफैले करार सम्झौता गरी रु १८,१०,०००। विद्यालयको सिफारिस वेगर भुक्तानी गरेको देखिएकोले गाउँपालिकाले विद्यालयको निजी श्रोतमा शिक्षक राखी करार नियुक्त गर्न पाउने आधार प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१८,१०,०००/-</td></tr>
</table>

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| भौ.नं./मिति | विद्यालयको नाम | भिडानको नाम | अवधि | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५०/०७४/१२/२० | श्री आदर्श मा.वि. लक्ष्मणापुर | दिपकराज हरिजन (मा.वि. शिक्षक) | २०७४/१०/१ देखि २०७५/३/३२ | १६२००० | नियक्ती निर्णय वेगर |
| | | कलेराम यादव (नि.मा. शिक्षक) | २०७४/१०/१ देखि २०७५/३/३२ | १४४००० | नियक्ती निर्णय वेगर |
| | | कुलरत्न श्रीवास्तव | २०७४/१०/१ देखि २०७५/३/३२ | १२८००० | नियक्ती निर्णय वेगर |
| १५१/२०७४/१२/२० | जय किसान मा.वि. मोजपुर | भावना थारु (मा.वि. शिक्षक) | २०७४/१०/१ देखि २०७५/३/३२ | १०८००० | नियक्ती निर्णय वेगर |
| १५१/२०७४/१२/२० | श्री नमूना प्रा.वि. मोतिपुर | मा.शि. दुर्गा कुमारी चौधरी | २०७४/०४/१ देखि २०७५/३/३२ | १३२००० | |
| १६२/२०७४/१२/२५ | श्री नेपाल रा.प्रा.वि. जमुनी | प्रा.शि. सजितराम यादव | २०७४/०४/१ देखि २०७५/३/३२ | १७६००० | १६ महिनाको भुक्तानी |
| १६९/०७५/१/२ | श्री ने.रा.प्रा.वि. गोदावार-५ | तुलसीराम तिवारी | वार्षिक | १२०००० | |
| | श्री प्रा.वि. गेगली-३ | कुशुमलाल श्रीवास्तव | वार्षिक | १२०००० | |
| | श्री ने.रा.प्रा.वि. शंकरनगर-३ | न्यूतम किशोर मिश्र | वार्षिक | १२०००० | |
| | श्री ने.रा.प्रा.वि. जमुनाह | नसिम खाँ | वार्षिक | १२०००० | |
| | वि.प्रा.वि. सुनवर्षा-६ | थली कुमारी पुन | वार्षिक | १२०००० | |
| | मदरसा उसमानिया ज्याउल उलुम पण्डीतपुर-४ | माँ ज्याउल हक खाँ | वार्षिक | १२०००० | |
| | मदरसा सिराजिया इस्रादल उलुम-२ | सिराज शेष | वार्षिक | १२०००० | |
| | मदरसा दारुल अम्जादिया | अब्दुल खालिका खाँ | वार्षिक | १२०००० | |
| | | | जम्मा | १८१००००/- | |

| | | |
|---|---|---|
| ३४. | **स्टक राहत सामाग्री :** जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयानुसार बाढी पिडितलाई राहत वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले देहायका सामाग्री राहत तथा पुनस्थापनाको लागि देहायको सप्लायर्सलाई औषधी खरिद वापत रु. ४९९८७३। राहत सामाग्री खाद्यान्न र मेसिनरी औजार, खरिद वापत रु. ९९२९७७। समेत रु.१४९२८५०। भुक्तानी गरेको छ । खरिद गरिएका औषधी तथा राहत सामाग्री गाउँपालिकाले कार्यालयमा दाखिला गरेको दाखिला प्रतिवेदन एवं वितरण गरेको भरपाई संलग्न रहेको छैन । यस सम्बन्धमा कार्यालयले विपत व्यवस्थापनको लागि खरिद गरिएको र सामाग्रीहरु वितरण नगरी भण्डारमा नै मौज्दात रहेको जानकारी दिएको छ । राहत सामाग्री खरिद गरी लामो समय सम्म भण्डारमा रहँदा एकातर्फी वाढी पिडितबाट प्रभावित व्यक्तिले नपाउने र अर्को तिर सामाग्री नासिने, हाराउने, सड्ने तथा गुणस्तरमा समेत ह्रास आउने भई साधन श्रोतको दुरुपयोग हुने सम्भावना रहनाले यथासक्य | १४,९२,८५०/- |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td></td><td>चाडो उक्त सामाग्रीहरु सम्बन्धीत प्रभाबीत व्यक्तिलाई वितरण गरि सो को प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>भौ.नं./मिति</td><td>सप्लायर्सको नाम</td><td>खरिद गरिएको सामान</td><td>रकम</td></tr>
<tr><td>२७३/०७५/३/६</td><td>निशा मेडिकल हल, सुर्खेत</td><td>विभिन्न ३६ आइटमका औषधी खरिद</td><td>४९९८७३</td></tr>
<tr><td>३२३/०७५/३/२१</td><td>मारुती नन्दन आइरन एण्ड सप्लायर्स</td><td>आयोनु, च्युरा, चीनि लगायत खाद्य सामाग्री र त्रिपाल ९० थान खरिद</td><td>४९२६१३</td></tr>
<tr><td>२५४/०७५/२/२९</td><td>मेराज सप्लायर्स</td><td>सिलाईमेसिन ८२ थान</td><td>५००३६४</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१४,९२,८५०/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५.</td><td>बढी भुक्तानीः- खर्च गर्दा विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले भौ.नं. ३१७।०७५।३।२१ बाट समपूर्ण नेपाललाई जिवीको पार्जन कार्यक्रमको बाखा वितरण कार्यक्रम र राजस्व लेखा तथा वित्तीय व्यवस्थापन तालिम वापत रु. १५०००००। भुक्तानी खर्च लेखेकोमा रु. १३५०१८०। को मात्र विल भरपाई पेश हुन आएकोले बढी भुक्तानी भएको रु. १४९८२०। असुल हुनुपर्ने देखिएको रु</td><td>१,४९,८२०/-</td></tr>
<tr><td>३६.</td><td>कर समायोजन : मूल्य अभिवृद्धि कर नियमावली, २०५४ को अनुसूची ५ मा तोकिएको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले देहायको सप्लायर्सलाई मु.अ.कर वापत रु. ४८५२४।६१ भुक्तानी गरेकोले कर विजक सच्चाईएकोले मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.नं./मिति</td><td>सप्लायर्सको नाम</td><td>विजक नं./मिति</td><td>विल रकम</td><td>भ्याट</td><td>कैफियत</td></tr>
<tr><td>२७४/०७५/३/६</td><td>घाम पावर नेपाल प्रा.लि. काठमाडौं</td><td>१४५/०७५/२/४</td><td>३३०३२०</td><td>२९६७४.६१</td><td></td></tr>
<tr><td></td><td></td><td>१४६/०७५/२/४</td><td>२२१५४५</td><td>१८८५०</td><td>१४५ विजक नं. लाई सच्चाएर १४६ बनाएको</td></tr>
<tr><td></td><td></td><td></td><td>५५१८६५</td><td>४८५२४.६१</td><td></td></tr>
</table></td><td>४८,५२४/६१</td></tr>
<tr><td>३७.</td><td>भरपाई पेश नभएको : खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्थ रहेको छ। गाउँपालिकाले देहाय बमोजिम रु.४,६४,३५७- भुक्तानी खर्च लेखेकोमा सो को भरपाई पेश नभएको ।
<table>
<tr><td>भौ.नं./मिति</td><td>भुक्तानी लिनेको नाम</td><td>वापत</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१२४/०७४/१२/२</td><td>वडा नं. ३ वडा सचिव खड्ग बहादुर वस्नेत</td><td>वैठक भत्ता राहत संकलन</td><td>७५०००</td><td>सम्वन्धीतलाई बुझाएको भरपाई नभएको</td></tr>
</table></td><td>४,६४,३५७/-</td></tr>
</table>

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३२१/०७५/३/२१ | नुर परोपकार सामुदायिक संस्था, बाँके | सिलाई मेशिन<br>सिलाई मेशिन २० थान खरिद समेत | २०२२०७ | मेशिन वितरण गरेको भरपाई छैन ।<br>किसानलाई बुझाएको भरपाई छैन । |
| ३९२/०७५/३/२४ | नापी कार्यालय, बाँके (विभिन्न ५ जना कर्मचारी) | जग्गा नापी र सिमांकन कार्य | १८७१५० | जग्गा नापी र सिमांकन सम्बन्धी विवरण पेश नभएको |
| | | जम्मा | ४६४३५७ | |

३८. **पोषाक खर्च :** आर्थिक ऐनमा निजामती कर्मचारी र दरवन्दी भित्र कार्यरत कर्मचारीलाई वार्षीक पोषाक भत्ता भुक्तानी पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले स्थायी निजामती कर्मचारी र दरवन्दी भित्र रहेका करार सेवामा कार्यरत कर्मचारुीलाई २०७४ चैत्र महिनामा पोषाक भत्ता खर्च लेखी सकेको अवस्थमा २०७४।१०।१३ को गाउँपालिकाको निर्णयले स्थायी र करार सेवामा कार्यरत कर्मचारी र पदाधिकारी समेतलाई राष्ट्रिय पोषाक उपलब्ध गराउने भनि खर्च लेख्न नमिल्ने  देहाय बमोजिम कपडा खरिद र ज्याला वापत रु. ४१४३३५। भुक्तानी गरेको असुल गर्नुपर्ने रु. — ४,१४,३३५/-

| भौ.नं. ⁄मिति | भुक्तानी लिनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ११८/२०७४/११/२५ | न्यू रस्तोगी वस्त्रालय, बाँके | सर्टिङ्गसुटिङ्ग सुटिङ साडि कपडा खरिद | १५१९२८ |
| २९१/०७५/३/१२ | बाँके वस्त्रालय, नेपालगञ्ज | सर्टिङ्गसुटिङ्ग कपडा खरिद | ९३५०७ |
| ३३३/०७५/३/२४ | साफिया टेलरिङ्ग सेन्टर, बाँके | पोषाक सिलाई ज्याला | १५८९०० |
| ३१२/०७५/२/३ | अशोक कुमार श्रीवास्तव (वडा सचिव वडा नं. १) गोवर्धन कपडा पसल | पोषाक खर्च | १०००० |
| | | | ४१४३३५ |

३९. **खर्च शिर्षक फरक पारेको :** खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत भित्र र सम्बन्धीत खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले देहाय बमोजिम रु.९५६७२४।-बाँकी खर्च लेखेकोमा खर्च फरकपारि खर्च लेखेको रकम अनियमित देखिएको रु. ... — ९,५६,७२४/-

| **भौ.नं. मिति** | **भुक्तानी नवीकरण** | **खर्च लेख्नु पर्ने शिर्षक** | **खर्च गरेको शिर्षक** | **रकम** |
|---|---|---|---|---|
| १२५/०७४/१२/२ | मर्मत संचार इन्धन खर्च वापत | मर्मत, संचार, इन्धन | अन्य भत्ता | ९२२९९ |
| १५३/०७४/१२/२१ | नेपाल राष्ट्रिय प्रा.वि. जमुनाहको शौचालय निर्माण | सार्वजनिक निर्माण सुधार | कार्यक्रम खर्च | ७७००० |
| १५६/०७४/१२/२१ | रिजवन अहमद शाह र मुसद अहमद शाहलाई घर भाडा भुक्तानी | घर भाडा | कार्यक्रम खर्च | ७१००० |
| २८२/०७५/०३/०८ | ६ जना स्वीपरको वार्षिक पारिश्रमिक भुक्तानी | अन्य सेवा शुल्क | कार्यक्रम खर्च | ३३७५०० |
| ३३०/०७५/३/२४ | विज्ञापन वापत पत्रिकालाई भुक्तानी गरेको | कार्यालय सम्बन्धी | विविध खर्च | ६०२१५ |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १०८/०७४/११/३ | कृषि भवन हल मर्मत | सार्वजनिक मर्मत सुधार | विविध खर्च | ६७१५० |
| | सामाजिक परिचालन पारिश्रमिक खर्च | अन्य सेवा | विविध खर्च | २२०००० |
| १९८/०७५/१/२७ | लक्ष्मणपुरको पालो पहरा पारिश्रमिक भुक्तानी | अन्य सेवा शुल्क | कार्यक्रम खर्च | ३१५६० |
| | | | जम्मा | ९५६७२४ |

४०. **बिशेषज्ञको परामर्श सेवा :** समानीकरण चालु सम्बन्धी आदेश २०७४ को नियम ३२ मा कार्य सम्पादन गर्न जनसक्ति अपर्याप्त भए लोक सेवा आयोगको प्रतिक्षा सूचीमा रहेकाबाट वढीमा ६ महिनाको लागि करारमा राख्न सक्ने व्यवस्था छ । गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्षले निजी सहायक २ जना र अन्य प्रेश तथा कानूनी सल्लाहकार भनी २ जना निम्नानुसार राखि रु. २७५०००।- खर्च लेखेको छ । व्यक्तिगत सहायक राख्ने व्यवस्था नरहेको र विषय विज्ञताको प्रमाण पत्र एवं लोक सेवाको परामर्श वेगर पेश तथा कानूनी सल्लाहकार राखेको नियसम्मत नदेखिएको रु

| | | | |
|---|---|---|---|
| अध्यक्षको निजी सहायक धन ब. खड्का | २०७४।११।१ देखि असार सम्म | १५००० | वार्षिक ७५००० |
| उपाध्यक्षको निजी सहायक कुल रत्न श्री वास्तव | २०७४।११।१ देखि असार सम्म | १५००० | वार्षिक ७५००० |
| प्रेम सल्लाहकार नविन गिरी | २०७४।११।१ देखि असार सम्म | १०००० | वार्षिक ५०००० |
| कानूनी सल्लाहकार केशव राज पन्त | २०७४।११।१ देखि असार सम्म | १०००० | वार्षिक ५०००० |
| | | | २५००००/- |

रकम रु.: २,५०,०००/-

